# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ५/०८२/०८३

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मिति:** २०८२/०७/१२

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | उपस्थित |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | उपस्थित |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | उपस्थित |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | उपस्थित |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | उपस्थित |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | उपस्थित |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | कार्यपालिका सदस्य | उपस्थित |
| २१ | श्री सन्तोष मेचे | कार्यपालिका सदस्य | |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |

१. **समिक्षा**

यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको सेवा प्रवाहको समिक्षा गरियो । नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको सेवा प्रवाहलाई नियमित गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट हालसम्म सम्पादित मुख्य मुख्य कार्यहरु, भएका प्रगति तथा आगामी कार्ययोजनाका सम्बन्धमा विवरण प्रस्तुत भयो ।

२. **प्रस्ताव नं २ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृति तथा ठेक्का बन्दोवस्त सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** यस अर्जुनधारा नगरपालिका भएर बग्ने बिरिङ, टाङटिङ , नेते तथा सुखानी खोलाबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री गर्ने सम्बन्धमा सो क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण गरी प्रतिवेदन पेश गर्न इको ग्रिन कन्सल्टेन्सी प्रा.लि. बिर्तामोडलाई परामर्शदाता नियुक्त गरी कार्यदिश दिइएकोमा उक्त परामर्शदाताबाट मिति २०८२/०७/०९ गते अन्तिम प्रतिवेदन पेश गरेकोमा सो प्रतिवेदनका सम्बन्धमा छलफल तथा स्वीकृति हुन एवं सो अनुसार नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्री सम्बन्धि ठेक्का बन्दोवस्ती सम्बन्धि निर्णयार्थ छलफलका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोरा:** प्रस्तावमा उल्लेख भए बमोजिमको इको ग्रिन कन्लसल्टेन्सी प्रा.लि. बिर्तामोडबाट तयार भई प्राप्त भएको बिरिङ, टाङटिङ , नेते तथा सुखानी खोलाबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री गर्ने सम्बन्धमा सो क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणको अन्तिम प्रतिवेदन उपर छलफल गरी स्वीकृत गरियो ।प्रतिवेदनबाट प्राप्त विवरण बमोजिम नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका सम्बन्धमा देहायानुसार प्याकेज निर्धारण गरी यस नगरपालिकाको आन्तरिक आय (ठेक्का बन्दोवस्त) कार्यविधि,२०७५ बमोजिम ठेक्का बन्दोवस्त गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

क. **बिरिङ खोला**

| सि.नं. | प्याकेज | स्थान | परिमाण (घ.मि.) | न्यूनतम रकम रु (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | बिरिङ प्याकेज-१ | क. मदन भण्डारी पुल १ कि.मि. दक्षिण झोलुङ्गे पुल ५०० मि उत्तर, बुद्धशान्ती-१, अर्जुनधारा-१<br>ख. जयपुर सिस्ने पुल १ कि.मि. दक्षिण/बुद्धशान्ती सिमाना उत्तर बुद्धशान्ती-२, अर्जुनधारा-१ | ३९१०० | ९२५१४७० |
| २ | बिरिङ प्याकेज २ | क. गढीपुल ५०० मिटर उत्तर बुद्धशान्तीको सिमानासम्म वडा नं १,८ र बुद्धशान्ती-२<br>ख. बालुवाटार पूर्व जयघटाल क्रशर पश्चिम वडा नं ७<br>ग. विल्डकन पूर्व उत्तर (बिरिङ पुल ५०० मि. उत्तर छोडेर) वडा नं ७<br>घ. बिरिङ टाङटिङ दोभान तल वडा नं ५ | २९५०० | ६८२९०३८.७ |

**ग. टाङटिङ खोला/नेते खोला/सुखानी खोलाः**

यस सम्बन्धमा काकडभिट्टा लौकही सडक योजना पूर्वी खण्ड) दमक झापाको च.नं.२९ मिति २०८२/०६/०७ गतेको पत्रबाट उक्त योजनामा प्रयोग हुने नदीजन्य सामाग्रीको लागि ७५००० घ.मि. नदीजन्य पदार्थ माग भई आएको हुँदा सो सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीसँग कार्यालयबाट वार्ता गरी ठेक्का बन्दोवस्त सम्बन्धि आवश्यक निर्णय गर्ने ।

घ. ठेक्का बन्दोवस्त गर्दा हेभी मेसिनरी प्रयोग नगर्ने तथा सामाग्री ढुवानी गर्दा कार्यालयमा सुचिकरण भएका ढुवानीका सवारी साधनलाई प्राथमिकता दिने सम्बन्धि शर्त उल्लेख गर्ने।

**<u>बै.सं. ०५/८२/८३  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक          मिति २०८२/०७/१२</u>**

**<u>प्रस्ताव नं ३ घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।</u>**

**<u>प्रस्तावको व्यहोराः</u>** अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को दफा ४ बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ९ बस्ने श्री योगेन्द्र मोक्तान तामाङले निया विल्डर्स प्रा.लि. नामको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रका लागि निवेदन दिनु भएकोमा सो निवेदनका सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयका प्राविधिकबाट कार्यविधिले तोके बमोजिमको शर्त जाँच गरी स्वीकृतिका लागि सिफारिस भई निर्णयार्थ बैठकमा पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ९ ठेगाना भई श्री योगेन्द्र मोक्तान तामाङ प्रोपाइटर भएको निया विल्डर्स प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।